नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

जेष्ठ/आषाढ २०७५ (June 2018) वर्ष २२/अङ्क २५५

## स्व. पाष्टर डा. राजेन्द्र कुमार रोंगोंगको संक्षिप्त परिचय

- भुवन देवकोटा



नेपाली मण्डलीका धरोहर तथा नेपाली शैक्षिक जगतका तारा नेपाली इसाई मण्डलीका पाष्टर डा. राजेन्द्र कुमार रोंगोंग गत मे १८ तारिख प्रभुको घरमा जानुभयो। नेपाली इसाई जगतमा मात्रै होइन, नेपालको सामाजिक र शैक्षिक क्षेत्रमा पनि गुरुबाको योगदान अतुलनीय छ। परमेश्वरले दिनुभएको जिम्मेवारी पूरा गरेर उहाँ जानुभएको छ र बहुमुखी प्रतिभाका धनी, दर्शन देख्ने, कुशलतापूर्वक अगुवाइ गर्ने, सबैलाई वास्ता र प्रेम गर्ने, अरूको कमजोरीभन्दा सबल पक्षलाई बढावा दिएर सामूहिक हित र मण्डलीको भलाईको निम्ति काम गर्ने एउटा कुशल अभिभावकको भूमिका निर्वाह गर्नुभएका उहाँले हामीलाई असल उदाहरण छाडेर जानुभएको छ । उहाँको नेतृत्वमुनि रहने हरेकले असल अभिभावक, प्रशिक्षक, कुशल नेतृत्व र सहयोगी उत्प्रेरकको रूपमा उहाँलाई पाउँथ्यो । उहाँलाई धेरै युवाहरूले बाजे भनेर पुकार्थे तर उहाँसँग अत्यन्तै घुलमिल गर्थे । उहाँ एकदमै मिलनसार, भलाद्मी र सोझो मनको, प्रभु येशूलाई असाध्यै प्रेम गर्ने व्यक्ति हुनुहुन्थ्यो । उहाँसँग कुराकानी गर्न, आफ्ना कुरा राख्न सबैले सहज महसुस गर्थे । गुरुबाको जीवनीलाई संक्षेपमा तल प्रस्तुत गरिएको छ ।

**जन्म तथा येशूको साथ हिंड्ने तयारी (१ देखि २० वर्षको उमेरसम्म)**

- जन्मः २४ अप्रिल १९३०, आमा सूर्यमती रोंगोंग र बुवा आथिङ जोसेफ रोंगोंगबाट दोस्रो सन्तानको रूपमा
- सानै हुँदा आमा सूर्यमतीले पाष्टर राजेन्द्र रोंगोंगलाई नेपालको लागि अर्पण गर्नुभयो । सानै हुँदा आमाले घरमा संचालन गर्ने बाइबल अध्ययनमा उहाँ सहभागी हुनुभयो । सानैदेखि नेपाल आउने रहर उहाँमा थियो ।
- पाष्टर राजेन्द्र रोंगोंग ९ वर्षको हुँदा दोस्रो विश्वयुद्ध सुरु भयो । बुवाको जागिरको कारणले पाष्टर राजेन्द्र रोंगोंग ७ कक्षासम्म पुग्दा १० वटा जति स्कूल फेर्नुभयो । १९४५ अगस्त ९ मा अमेरिकाले हिरोसिमा र नागासाकीमा बम खसाल्ने समयमा दार्जिलिङबाट कालिङपोङमा उहाँ आफ्नो परिवारसँग हिंडेरै जानुभयो ।
- दार्जिलिङको सरकारी हाइ स्कूलबाट कक्षा ७-१० र म्याट्रिक उत्तीर्ण गर्नुभयो । उहाँ कक्षा ७ मा हुँदा सन् १९४२ मा स्काउट सुरु गर्नुभएको, सानैदेखि मण्डली गइरहने बानी उहाँको थियो ।
- १९४७ मा राणा प्रधानमन्त्री श्री ३ चन्द्र शमशेर जबराले दार्जिलिङमा रू. १००/- बक्सिस दिएका । उहाँले १९४७ मा म्याट्रिक पूरा गर्नुभएको, उहाँको व्याच अंग्रेज शासनको अन्तिम व्याच हो ।
- जोर्डन चन्दन् खाँले नयाँ जीवनका बारेमा बताउनुभएपछि १९४७ नोभेम्बर २५ मा प्रभु येशूलाई ग्रहण गर्नुभयो । सो दिन पाष्टर राजेन्द्रको घरमा पाष्टर रोबर्ट कार्थक, पाष्टर दफ्तन सादा, प्रकाश राई, जरमित कार्थक मिलेर संगति राख्नुभएको थियो ।
- १९४७ मा मिस फ्र्यांकलिन बिहारबाट मिशनेरीको रूपमा कालिङपोङ आउनुभएको । मिस फ्र्यांकलिनले कालिङपोङको कन्या मा.वि.मा काम गर्दा पाष्टर राजेन्द्रकी आमासँग नेपाली भाषा सिक्न थाल्नुभयो । मिस फ्र्यांकलिनले पाष्टर राजेन्द्र, पाष्टर रोबर्ट कार्थक, पा. दफ्तन सादा, प्रकाश राई, जरमित कार्थकको लागि बाइबल अध्ययन सुरु गर्नुभयो । मिस फ्र्यांकलिनले उहाँहरूलाई सुसमाचार प्रचारको लागि विभिन्न गाउँमा लानुहुन्थ्यो ।
- पाष्टर राजेन्द्र रोंगोंगले १९४९ मा आई.ए. को परीक्षा दिएर द्वितीय श्रेणीमा उत्तीर्ण हुनुभयो ।

**सेवकाइको तयारी र प्रभुको सेवामा (२१ देखि ४० वर्षको उमेरसम्म)**

- १९५० मा पाष्टर राजेन्द्र रोंगोंग र पा. रोबर्ट कार्थक मिलेर कालिङपोङमा सुसमाचारीय सम्मेलन आयोजना गर्नुभयो । १९५२ मा पा. रोबर्ट कार्थक र पा. राजेन्द्र रोंगोंग रक्सौल हुँदै अमलेखगन्जसम्म आउनुभयो ।
- उहाँको १९५२ सेप्टेम्बर २९ मा जरमित कार्थकसँग पवित्र विवाह भयो ।
- पा. राजेन्द्र रोंगोंगले आई.ए. सकेपछि घरको अघि खरको छाप्रो बनाएर पा. रोबर्ट कार्थक र अरू साथीहरूसँग मिलेर राति प्रार्थनामा समय बिताउनुहुन्थ्यो ।
- उहाँले १९४९-१९५५ सम्म SUMI मा शिक्षकको रूपमा सेवा गर्नुभयो । १९५४ मा USAID (US/OM) बाट त्रैलोक्यनाथ उप्रेति र ह्युबी उड दार्जिलिङ गएर पा. राजेन्द्रलाई नेपाल आउने प्रेरणा दिएका ।
- पा. राजेन्द्र रोंगोंग १९५६ फेब्रुअरी २९ मा हिमालयन प्रेस्बेटेरियन मण्डलीबाट ११ जनाको टोलीमा कालिङपोङबाट नेपाल आउन प्रस्थान गर्नुभयो । सिमराबाट हनुमान भन्ने हवाइजहाजमा रू. १७ भाडा तिरेर ३५ मिनेटको यात्रा गरी १९५६ को मार्च ३ तारिख ११ जनाको टोलीमा नेपाल आइपुग्नुभयो ।

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरुको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|
| जेष्ठ २६<br>June 9 | पा. रोबर्ट कार्थक<br>पा. सामुएल कार्थक | डीकनेस्<br>रश्मिला तामाङ्ग | पाष्टर<br>अशोक मुखिया | श्री<br>लेखनाथ पौडेल | एल्डर<br>श्रीलक्ष्मी सैंजु | डीकन<br>रुद्र राई | डीकन<br>पुरुषोत्तम न्यौपाने |
| आषाढ २<br>June 16 | एल्डर<br>सिमोन पाठक | डीकन<br>राजु तामाङ्ग | डीकन<br>बाग मान तामाङ्ग | एल्डर<br>घन श्याम दाहाल | एल्डर<br>रूबेन श्रेष्ठ | डीकनेस्<br>शान्ता मगर | एल्डर<br>सीता गुरुङ्ग |
| आषाढ ९<br>June 23 | एल्डर<br>अर्जुन ढकाल | एल्डर<br>सामुएल क्षेत्री | एल्डर<br>सिमोन पाठक | पाष्टर<br>रोबर्ट कार्थक | श्री<br>सुकराम तामाङ्ग | श्री<br>श्रीराम सुर्खेती | संयुक्त सेवा<br>ललितपुर चर्च |
| आषाढ १६<br>June 30 | एल्डर<br>शुइङ्ग कार्थक | डीकन<br>सिद्धि खालिङ | एल्डर<br>पूर्ण सुनुवार | एल्डर<br>सिमोन खालिङ | डीकन<br>सिमोन भण्डारी | डीकन<br>बाबुराम के.सी. | एल्डर<br>गोपाल शर्मा |
| आषाढ २३<br>July 7 | पा. सामुएल कार्थक<br>पा. रोबर्ट कार्थक | संयुक्त सेवा<br>ज्ञानेश्वर चर्च | संयुक्त सेवा<br>ज्ञानेश्वर चर्च | पाष्टर<br>बि.बि. खवास | श्रीमती<br>गंगा श्रेष्ठ | पाष्टर<br>रोल्याण्ड रोंगोंग | एल्डर<br>शरण राई |

- सोही दिन भक्तपुरको न्यातपोल नजिकै घरमा आएर बास बस्नुभएको । त्यो बेला श्री ५ महेन्द्रको राज्यभिषेक भएको कारण पाष्टर राजेन्द्र रोंगोंग र उहाँको समूहले भक्तपुरमा सिन्दुरे जात्रा देख्ने मौका पाउनुभयो ।

- म इसाई हुं भन्ने परिचय दिएको कारण पा. राजेन्द्र रोंगोंगलाई काम पाउन गाह्रो भएको ।

- उहाँहरू जुद्ध सडकको संगतिमा १९५६ तिर कहिलेकाहीँ जानुहुन्थ्यो । उहाँहरूले भक्तपुरमा घरको तल्लो तलामा गुन्द्री ओछ्याएर संगति गर्नुहुन्थ्यो । उहाँले सन् १९५६ मा पा. रोबर्ट कार्थक र दानिएल सित्लिङसँग दाप्चामा सुसमाचारीय यात्रा गर्नुभएको । उहाँ १९५६ को डिसेम्बरमा भक्तपुरबाट डिल्लीबजारमा सपरिवार डेरा सर्नुभएको ।

- १९५७ अगस्तको पहिलो आइतबार पाष्टर रोबर्ट कार्थक र पा. राजेन्द्र रोंगोंगको पहलमा हालको नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च) को स्थापना भएको हो ।

- हाल र्‍याडिसन होटल भएको चेत भवनमा कलेज अफ एजुकेसनको पहिलो ब्याचमा १६ जना भर्ना भए पनि उहाँले मात्र १९५८ अप्रिल १४ मा बी.एड. उत्तीर्ण गर्नुभयो, उहाँको ट्रान्स्क्रिप्टको ट्रान्स्क्रिप्ट नं. १, सिरियल नं. १, नेपालको पहिलो बी.एड. उहाँ हुनुहुन्छ । उहाँ विद्यार्थी हुँदा पाएको मासिक भत्ता रू. ८० नेपालमा गर्नुभएको पहिलो कमाइ थियो ।

- काम नपाएको कारण नेपालबाट फर्किने विचार गरिरहँदा पा. राजेन्द्रकी छेमा डा. फुलमणि प्रधानले चिठीमा 'हलोमा हात राखेर पछाडि हेर्ने मान्छे परमेश्वरको कामको लागि योग्य हुँदैन' भनेर लेखेको पढेपछि नफर्किने निर्णय गर्नुभयो ।

- उहाँलाई वि.सं. २०१६ मा तत्कालीन श्री ५ को सरकारले राजपत्रांकित तृतीय श्रेणीको अधिकृत बनायो ।

- पा. राजेन्द्र रोंगोंग वि.सं. २०१६ भदौ २९ गते महाकवि लक्ष्मीप्रसाद देवकोटालाई तत्कालीन शिक्षामन्त्री परशुनारायण चौधरीसँग एउटै छाता ओढेर आर्यघाटमा भेट्न जानुभएको । वि.सं. २०१७ मा पञ्चायत सुरु हुनुभन्दा एक हप्ता पहिले प्रेम प्रधानको रिहाइको लागि गृहमन्त्रालयमा मण्डलीका अगुवाहरूको टोलीलाई उहाँले लिएर जानुभएको ।

- १९५८ मा नेपाल स्काउटको राष्ट्रिय सहसचिव नियुक्त हुनुभयो । १९५८ सेप्टेम्बरमा श्री ५ को सरकारले उहाँलाई पढ्नका लागि दिल्ली पठाएको । १९५९ मा रजगड विश्वविद्यालय दिल्लीबाट एम.एड. सक्नुभएको र श्री ५ को सरकारले उहाँलाई कलेज अफ एजुकेशनको लेक्चरर बनाएको ।

- उहाँले १९५९ सिद्धार्थ बनस्थलीमा ७ महिना शिक्षकको रूपमा सेवा गर्नुभएको । सन् १९५९ मा ल्याबोरेटरी स्कूलको शिक्षक हुनुभएको । वि.सं. २०२५ देखि ३ वर्ष ल्याबरोटरी स्कूलमा प्रधानाध्यापकको रूपमा सेवा गर्नुभएको ।

- १९५९ मा पाष्टर रोबर्ट कार्थक बाइबल अध्ययनको लागि बेलायत हुनुहुँदा पा. राजेन्द्र रोंगोंगले १ वर्ष मण्डलीको पाष्टरको रूपमा सेवा गर्नुभएको । १९५९ मा शिवकुमार थापाको बप्तिस्मा, जुन नेपाली इसाई मण्डलीमा भएको पहिलो बप्तिस्मा हो, सो बप्तिस्मा पा. राजेन्द्र रोंगोंगले दिनुभएको ।

**नेपाल र नेपाली मण्डलीलाई आशिष् पुऱ्याउने काममा (४१ देखि ६० वर्षको उमेरसम्म)**

- उहाँले १९७४ जुन ११ मा अमेरिकाको साउदर्न इलिनोइ युनिभर्सिटीबाट विद्यावारिधि गर्नुभएको हो ।

- उहाँ १९७४ जुन ११ मा त्रिभुवन विश्वविद्यालयको राष्ट्रिय विकास सेवाको पहिलो निर्देशक हुनुभएको । उहाँ १९७६ मा त्रिभुवन विश्वविद्यालयको पाठ्यक्रम विकास केन्द्रको दोस्रो निर्देशक नियुक्त हुनुभयो ।

- उहाँ वि.सं. २०२८ मा श्री ५ महेन्द्रबाट प्रबल गोरखा दक्षिणबाहुले सम्मानित हुनुभएको । उहाँले श्री ५ वीरेन्द्रबाट वि.सं. २०३१ मा शुभराज्याभिषेक पदक पाउनुभयो ।

- उहाँ १९८० मा त्रिभुवन विश्वविद्यालयको प्राध्यापकमा नियुक्त हुनुभएको । १९८२ मा नेइम ज्ञानेश्वर चर्चको एल्डरको रूपमा नियुक्त हुनुभएको । उहाँले वि.सं. २०४५ मा श्री ५ वीरेन्द्र दैवी प्रकोप पीडितोद्धार पदक प्राप्त गर्नुभयो ।

**प्रभुको सेवा र अनन्त घर जाने तयारी (६१ देखि ८८ वर्षको उमेरसम्म)**

- उहाँले १९९३ मा त्रिभुवन विश्वविद्यालयबाट उमेर हदका कारण अवकाश पाउनुभयो । उहाँले श्री ५ वीरेन्द्रबाट गद्दी आरोहण रजत महोत्सव पदक-२०५३ प्राप्त गर्नुभयो ।

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | जोरपाटी | जहरसिंह पौवा | गाम्छा | सुन्दरीजल | साँखु | गोंगबूँ | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|---|
| जेष्ठ २६<br>June 9 | पाष्टर<br>प्रेम श्रेष्ठ | एल्डर<br>जमान घ्लान | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>दानियल सापकोटा | एल्डर<br>सागर थापा | पाष्टर<br>रोबर्ट कार्थक | संयुक्त सेवा<br>गोंगबूँ चर्च | डीकनेस्<br>बिनिता राई |
| आषाढ २<br>June 16 | पाष्टर<br>रोबर्ट कार्थक | संयुक्त सेवा जोरपाटी चर्च | | | | पाष्टर<br>बर्णबास श्रेष्ठ | श्री<br>लेखनाथ पौडेल | पाष्टर<br>कर्ण ब. तामाङ्ग |
| आषाढ ९<br>June 23 | श्री<br>लेखनाथ पौडेल | पाष्टर<br>प्रेम श्रेष्ठ | डीकनेस्<br>रमा तामाङ्ग | डीकन<br>नर बहादुर श्रेष्ठ | डीकनेस्<br>चिनु घ्लान | एल्डर<br>छोदेन कार्थक | एल्डर<br>बेन्जामिन तामाङ्ग | डीकन<br>दिल राई |
| आषाढ १६<br>June 30 | एल्डर<br>गोपी राई | श्री<br>लेखनाथ पौडेल | एल्डर<br>पिटर लिम्बू | डीकन<br>लाक्पा लामा | पाष्टर<br>प्रेम श्रेष्ठ | पाष्टर<br>सामुएल कार्थक | एल्डर<br>बि.एन पण्डित | श्री<br>सुरेन्द्र सापकोटा |
| आषाढ २३<br>July 7 | डीकन<br>लाक्पा लामा | डीकन<br>राज गुरुङ्ग | डीकनेस्<br>रूष लामा | पाष्टर<br>प्रेम श्रेष्ठ | डीकन<br>मोहन श्रेष्ठ | पाष्टर<br>बर्णबास श्रेष्ठ | एल्डर<br>छोदेन कार्थक | संयुक्त सेवा<br>धापासी चर्च |

- सन् १९९७ मार्च २५ मा पाष्टर रोबर्ट कार्थकसँग म्यानमार गएर त्यहाँका नेपाली मण्डलीहरूको भ्रमण गर्नुभयो ।
- सन् २००२ अप्रिलमा वीरेन्द्र-ऐश्वर्य सेवा पदकबाट विभूषित हुनुभयो ।
- २००२ मा नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च) को मिशन विभाग स्थापना भएदेखि उहाँले विभागको अध्यक्षको रूपमा मण्डलीमा सेवा गर्नुभएको थियो । सोही सालदेखि नै उहाँले मण्डलीमा पूरा समय काम गर्ने सेवकहरूलाई नियमित कक्षा सञ्चालन गर्नुभएको थियो । २००२ देखि नै उहाँ मेरी गुरुआमा स्मृति प्रतिष्ठानको अध्यक्षको रूपमा सेवारत हुनुहुन्थ्यो ।
- सन् २००५ अक्टोबर २१ मा उहाँकी धर्मपत्नी जरमित रोंगोंगको स्वर्गारोहण हुनुभयो ।
- वि.सं. २०४८-२०६४ सम्म काठमाडौं शिक्षा क्याम्पसको सञ्चालक समितिको अध्यक्ष भएर सेवा गर्नुभएको र वि.सं. २०५८-२०६१ सम्म काठमाडौं शिक्षा क्याम्पसको प्रमुख भएर सेवा गर्नुभएको ।
- उहाँ ११ अप्रिल २००९ मा नेइम (ललितपुर चर्च) को पाष्टरमा अभिषेक हुनुभएको हो ।
- वि.सं. २०६४ साउन २८ गते प्रहरी प्रधान कार्यालयबाट दीपेन्द्र प्रहरी उ.मा.वि. साँगाको वरिष्ठ सल्लाहकारमा नियुक्त हुनुभयो ।
- उहाँलाई २०७१ पुस २९ गते नेपाल शिक्षाशास्त्री समाजले **गुरुहरूका गुरुको** रूपमा सम्मान गरेको । वि.सं. २०७३ वैशाख २९ गते सगरमाथा प्रतिष्ठानले 'नेपाल सम्मान २०७२' प्रदान गरेको । उहाँले नेपाल स्काउटबाट स्वर्णसेवा सम्मान वि.सं. २०७३ आषाढ ३ गते पाउनुभएको ।
- उहाँको स्वर्गारोहण २०७५ जेष्ठ २ गते/२०१८ मे १६ तारिख बुधबार भयो ।

## जुन महिनाको कार्यक्रम

आषाढ १ गते/जुन १५ तारिख शुक्रबार **महिला उपवास प्रार्थना** आ-आफ्नै मण्डलीमा ।

आषाढ २४ गते/जुलाई ८ तारिख आइतबार **नेइम परिषद्को बैठक** बिहान १०:०० बजे नेइम ज्ञानेश्वर मण्डलीमा ।

## जानकारी



गोंगबूँ बस्नुहुने, नेइम गोंगबूँ मण्डलीको सदस्य श्रीमती लिला देवी श्रेष्ठ ८० वर्षको उमेरमा जेष्ठ ८ गते/मे २२ तारिख मंगलबार प्रभुमा सुत्नुभयो ।



नयाँपाटी बस्नुहुने नेइम सुन्दरीजल मण्डलीका सदस्य सुश्री तेजमाया श्रेष्ठ ७६ वर्षको उमेरमा बैशाख २४ गते/ ८ मे तारिख प्रभुमा सुत्नुभयो ।

### येशूको साटो मिशनको बाटो

रचनाकार: डीकन नर बहादुर श्रेष्ठ
नेइम जोरपाटी सुन्दरीजल

२०१३ सालमा कालिङपुङ मिशनेरी आए
अदेख बाटो यात्रा नहुँदा दुःख कष्ट खाए

कालिङपुङको मिशनेरी नेपालको तारा
नेपालीलाई बचाउन उनको योजना सारा

कोही थिए बृहस्पति कोही सप्त ऋषि
नेपालका मानिसहरू उनीहरूलाई गर्थे खिषी

कोही थिए तीन तारा तीन आख्ले भन्थे
कोही खीष्टियन नभेट्दा उनीहरू रून्थे

काम थिएन पैसा छैन घटी अभाव हुन्थ्यो
जसले पैसा कमाइ ल्याएनी एघार मिली खान्थे

बस्ने ठाउँको ठेगाना छैन कोठा सर्दा हैरान
ल्याएको लुगा फाट्नै लाग्यो केको गर्थे पैरन

उनीहरू एघारै जनाको मण्डली ज्ञानेश्वर
परमेश्वरले आशिष् दिनुभयो उनीहरूलाई धेर

इसाईहरू फैलिगयो पूर्वपश्चिमतिर
रोगबिमार अभाव घटी हराइदियो पीर

उमेर पुग्यो पाको भयो संख्या घट्दै गयो
मण्डली पनि साठी नाग्यो परिपक्का भयो

२०७५/२ मा राजेन्द्र रोंगोंग स्वर्गलोकमा गयो
जेष्ठ ४ मा दफन सेवा ज्ञानेश्वरमा भयो

चेलाहरू जम्मा भए लगभग दुई हजार
मण्डलीका चेलाहरूको भयो ठूलो बजार

धेरै थिए खीष्टिय चेला अरूहरू पनि
उनको कृति त्यहाँ खुल्यो उनी ज्ञानको धनी

एघारजना चेलामध्ये अब धेरै कम छ
येशूले भन्या मानेपछि नेपाल अझै जम्छ

येशू सधैं जिउँदो छ है उनको वाणी सुनौं
आफ्नो मित्र छिमेकीलाई येशूको खबर भनौं

घरदेखि शुरू गरी पृथ्वी पल्लोछेउ
फुर्सद र मौका मिलाई सबलाई भन्दिदेउ

छली हृदय बदमास हात अब नयाँ बनाउँ
येशूको चेला म हुँ भन्दै सधैं उत्सव मनाउँ

ज्ञान बुद्धि आयु धनमन येशूसँग छ है
चाहिने कुरा खोजी खोजी अघि बढौं लौ है

विश्वभरको मानिसको येशू नै हो ईश्वर
वृद्ध विधुवा टुहराटुहुरी सबै आउ किश्वर

उनलाई विश्वास गर्ने जतिको छ आनन्द संसार
उनले बोकिदिन्छ चिन्ता फिक्रीको सबै भार

उनले मात्र मानिसलाई चाहिएजति दिन्छ
अन्तिम दिनमा आत्मालाई हो स्वर्गमा लान्छ

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | २० 3<br>अगुवाको स्थानमा रहनु-भएकाहरू उदाहरण भएर परमेश्वरको प्रेममा उहाँको बगाललाई हेरचाह गर्न र परमेश्वरमा डोऱ्याउन सकून् ।<br>१ पत्रुस ५:१-४ | २७ 10<br>संसारका सबै मानिसहरूले येशू खीष्ट नै प्रभु अनि मुक्तिदाता हुनुहुन्छ भनी विश्वास गर्न सकून् ।<br>यूहन्ना ८:१२, १७:३ | ३ 17<br>आराधना सेवा साथै अन्य संगतिहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन र पवित्र आत्माको अगुवाइ मागिदिऔं।<br>एज्रा ७:९-१० | १० 24<br>नेपाल देशमा रहेका सम्पूर्ण साना-ठूला मण्डलीहरू साक्षीको जीवन जिएर प्रभुलाई महिमा दिन सकून् ।<br>२ कोरिन्थी २:१४-१५ | १७ July 1<br>विदेशमा रोजगार र अध्ययनको सिलसिलामा जानुभएका नेपाली दाजुभाइ, दिदी बहिनीहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई पाउन सकून् ।<br>१ तिमोथी २:१-६ |
| **सोमबार**<br>Monday | २१ 4<br>नेपालको विभिन्न कारागारमा भइरहेको सेवा संगतिहरूद्वारा अझ धेरैले येशू प्रभुलाई चिन्न सकून् ।<br>यशैया ६१:१-३ | २८ 11<br>नेइम परिषदका सबै गुरुजनहरूको सेवकाइ, परिवार, काम, व्यवसाय, स्वास्थ्य सम्पूर्ण कुराहरूको लागि आशिष् मागिदिऔं ।<br>भजनसंग्रह २३:१-६ | ४ 18<br>मण्डलीका विश्वासीहरू रीतिविधिमा जिउनेहरू, धर्मकर्म गर्नेहरू साथै मन तातो भएर जिउनेहरू कोही पनि नहोऊन् ।<br>प्रकाश ३:१५-१६ | ११ 25<br>परमेश्वर प्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाईबाट दशांश साथै अन्य भेटी चढाउने काममा सधैं इमान्दार भइरहन सकौं ।<br>२ कोरिन्थी ९:६-७, ११ | १८ 2<br>विश्वासी परिवारकाहरू सधैं प्रभुको प्रेममा रही अरूहरूको निम्ति आशिषित् बन्न सकून् ।<br>रोमी १५:१-३ |
| **मंगलबार**<br>Tuesday | २२ 5<br>मण्डलीमा पूरा समय काम गर्ने सेवक/सेविकाहरू प्रभुमा अझै समर्पित भएर सेवकाई गर्न सकून् ।<br>यूहन्ना १५:१६, एफिसी ६:६-७ | २९ 12<br>येशू प्रभुलाई विश्वास गरी मण्डलीमा आउनुभएका-हरूलाई प्रभुमा डोऱ्याउने काममा सबै विश्वासीहरू बोझसहित लागिपर्न सकौं ।<br>१ कोरिन्थी १५:५८ | ५ 19<br>हरेक अभिभावकहरू प्रभुमा रहेर आफ्ना छोराछोरीहरूलाई ठीक सरसल्लाह र शिक्षामा हुर्काउनेहरू हुन सकून् ।<br>व्यवस्था ६:४-९,एफिसी ६:४ | १२ 26<br>मण्डलीका सबै बालबालिका-हरूले सानै उमेरमा साँचो परमेश्वरलाई चिन्न सकून् ।<br>मर्कूस १०:१३-१६ | १९ 3<br>मण्डली संख्यामा मात्र होइन आत्मिक परिपक्वतामा पनि अझै अघि बढेर जान सकून् ।<br>२ तिमोथी ३:१४-१७ |
| **बुधबार**<br>Wednesday | २३ 6<br>घरेलु संगतिका सबै अगुवा-हरू आफ्नो झुण्डलाई प्रभुमा हुर्काउन, बढाउन, डोऱ्याउन र वास्ता गर्नको लागि पवित्र आत्माको सहायता मागिदिऔं ।<br>१ थेलोनिकी १:२-३ | ३० 13<br>अधुरो घर परिवारकाहरू सबै विश्वासमा आउनको लागि पवित्र आत्माले नै उहाँहरूका हृदयको आँखा खोलिदिऊन् ।<br>प्रेरित १६:१४-१५, ३१ | ६ 20<br>मण्डलीका सबै विश्वासीहरू सँधै प्रार्थनामा जागा रहनेहरू हुन सकून् ।<br>१ थेसलोनिकी ५:१६-१८ | १३ 27<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीभाइ र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी भएर जिउन सकून्।<br>२ कोरिन्थी ३:२-३, | २० 4<br>मण्डलीका विश्वासीहरू सधैं प्रेममा रही परमेश्वरलाई महिमा दिनेहरू हुन सकौं ।<br>१ पत्रुस ४:८-११, २ यूहन्ना ६ |
| **बिहीबार**<br>Thursday | २४ 7<br>बाल संगतिका बाल बालिकाहरूको आत्मिक जीवनको साथै पढाइ, स्वास्थ्य, सुरक्षा सबै क्षेत्रमा प्रशस्त आशिष् मागिदिऔं ।<br>मर्कूस १०:१३-१६, लूका २:४०, ५२ | ३१ 14<br>मण्डलीमा प्रार्थनाको लागि आउनुहुने रोगी बिरामी, भूत आत्मा लागेका, चिन्ताफिक्री साथै विभिन्न बन्धनले पिडित भएकाहरूको लागि प्रार्थना गरिदिऔं।<br>मर्कूस १६:१६-१८, यूहन्ना १४:१२-१४ | ७ 21<br>नेपालका सम्पूर्ण मण्डलीका विश्वासीहरूमा आइपर्ने कुनै पनि समस्याको कारण विचलित नभई प्रभुमा स्थिर रहन सकून् ।<br>हिब्रू १२:१-३ | १४ 28<br>मण्डलीका सबै बा, दाजु-भाइहरू परमेश्वरको प्रेममा रही घर परिवार, मण्डली र समाजमा आशिष्को कारण हुन सकून् ।<br>हितोपदेश १४:२५-२७ | २१ 5<br>भारतको मुम्बई, पुना र अन्य ठाउँहरूमा बेचिएका नेपाली चेलीबेटीहरूको उद्धारको लागी प्रार्थना गरौं ।<br>यर्मिया ३१:४,११ र १६ |
| **शुक्रबार**<br>Friday | २५ 8<br>आराधना सेवामा आउने हामी परमेश्वरका छोराछोरीहरू सधैं प्रभुको उपस्थितिको चाहना लिएर सत्यतामा आराधना गर्न आउन सकौं ।<br>यूहन्ना ४:२३-२४ | १ आषाढ 15<br>प्रत्येक शनिबारको आराधना सेवाको साथै अरू सेवा संगतिहरूमा सुनेको वचन अनुसार समर्पित, इमान्दार र आज्ञाकारी हुँदै जान सकौं ।<br>भजनसंग्रह ८५:८, ८६:११ | ८ 22<br>विभिन्न उद्देश्य लिएर मण्डलीमा आउनुहुने हरेकले परमेश्वरको वचन सुनेर उहाँहरूको हृदय परिवर्तन भएको होस् ।<br>हिब्रू ४:१२-१३ | १५ 29<br>हामी कोही पनि रीतिविधिको रूपमा मात्र सेवामा सहभागी नभई सत्यतामा परमेश्वरको आराधना गर्न तयार भएर आउन सकौं ।<br>१ पत्रुस २:१-५ | २२ 6<br>मण्डलीका विश्वासीहरू वचन सुन्ने मात्र होइन तर वचन पालन गरेर परमेश्वरलाई साँचो प्रेम गर्नेहरू हुन सकून् ।<br>याकूब १:१९-२५ |
| **शनिबार**<br>Saturday | २६ 9<br>मण्डलीका प्रत्येक विश्वासी-हरूको जीवन एकअर्काको निम्ति आशिष् र आत्मिक उन्नतिको कारण बन्न सकोस् ।<br>रोमी १४:१९ | २ 16<br>विभिन्न देशहरूमा काम, पढाइ तथा अन्य कारणले जानु-भएकाहरूको लागि सुरक्षा र सबै कुराहरूमा परमेश्वरको आशिष् मागिदिऔं ।<br>भजनसंग्रह १२१:१-८ | ९ 23<br>अधुरो घरानाका सम्पूर्ण सदस्यहरूले प्रभु येशू खीष्टले दिनुहुने मुक्ति र उद्धार ग्रहण गर्न सकून् ।<br>प्रेरित १६:३१, लूका १:३७ | १६ 30<br>आज हुने आराधना सेवाद्वारा मण्डली अझै आशिषित् भई प्रभुको महिमाको लागि जागृत भई अघि बढ्न सकून् ।<br>प्रेरित ४:१२-२१ | २३ 7<br>मण्डलीको आराधना सेवा, प्रार्थना सभा, घरेलु संगति, आत्मिकी सेवा, बाइबल अध्ययन आदि सेवा संगतिहरूमा मण्डलीले यथासक्य भागलिन सकून् ।<br>हिब्रू १०:२३-२६ |

**किनभने जातिको विरुद्धमा जाति, र राज्यको विरुद्धमा राज्य उठ्नेछ, र ठाउँ-ठाउँमा अनिकाल र भूकम्प हुनेछन् । तर यी सब त प्रसव वेदनाको शुरू मात्र हो । त्यसरी नै तिमीहरूले पनि जब यी सबै कुरा भएका देख्नेछौ, तब ऊ नजीकै, ढोकामै छ भनी जान ।**

**मत्ती २४:७-८, ३३**